# वरुण क्याम्पस पुस्तकालय प्रतिवेदन

यस वरुण बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको लागि आवश्यक विभिन्न विषयका पाठ्यपुस्तक तथा अन्य सामाग्रीहरुलाई सहजै उपलब्धता गराउने लक्ष्यको साथमा यस वरुण बहुमुखी क्याम्पस पुस्तकालयको स्थापना भएको हो । यस पुस्तकालयले आफ्ना विद्यार्थीहरुलाई आफ्नो क्षमताले भ्याए सम्मको सुविधाहरु प्रदान गर्दै आइरहेको छ । हाल यस पुस्तकालय सफल रुपमा संचालन गर्नको लागि तपशिल अनुसारको समिति रहेको छ ।

**पुस्तकालय संचालन समिति :**

| | |
|---|---|
| १. श्री किरण कुमार शाक्य | संयोजक |
| २.श्री छत्रमणि पन्त | सदस्य |
| ३. श्री उमेश बस्नेत (पुस्तकालय सहायक) | " |
| ४. श्री चित्ररेखा कार्की | सचिव सचिब |

**हालको विध्यमान अवस्था :**

यस क्याम्पसको पुस्तकालय स्थापनाकाल देखि नै सञ्चालन हुँदै आएको छ । पुस्तकालयमा सबै प्राध्यापक तथा विद्यार्थीहरुलाई सरल र सहज तरीकावाट सेवा प्रभावकारी बनाउनको लागि निम्नानुसार व्यवस्था मिलाईएको छ ।

- विषय अनुसारका पुस्तकहरु छुट्टाछुटै मिलाएर राखिएको छ ।
- पत्र पत्रिका अध्ययन कक्ष ।
- पुस्तकालय प्रयोगकर्ताहरुका लागि कम्प्युटर संचालन गरिएको छ ।
- कार्यक्रम संचालनको लागि सेमिनार हल ।
- शौचालयको व्यवस्था गरिएका छ ।
- पुस्तकालयमा जर्नल, शोधपत्र, पुस्तक, पत्रपत्रिका तथा अन्य प्रतिवेदनहरु छुट्टाछुट्टै दर्ता गरी राखिएको छ ।
- विद्युतीय पुस्तकालय(E-Library) को स्थापना गरिएको छ ।
- विद्यार्थीहरुको लागि पुस्तकालय प्रयोजनको लागि पुस्तकालय कार्डको व्यवस्था गरिएको छ ।
- पुस्तकालयमा पुस्तकालय संचालनको कुनै सफ्टवयर नभए पनि पुराना विद्यार्थीहरुको पुस्तक बुझाउन वाकीँको र स्नातकोत्तरमा अध्ययनरत विद्यार्थीहरुको पुस्तक लगेको नामावली र पुस्तको नाम समेत MS Excel मा तयार गरी राखिएको छ ।
- पुस्तकालय संचालन कार्यविधि तयार गरिएको छ ।
- पुस्तकालयमा रहेको कम्प्युटर संचालन एवं विद्युतीय पुस्तकालय(E-Library) संचालनको लागि विद्युत लाईन नहुदा इन्भटरको व्यवस्था गरिएको छ ।

**क्याम्पस पुस्तकालयमा उपलब्ध पत्र पत्रिकाहरु :**

**मासिक :** युवामञ्च , सोपान, अन्तराष्ट्रिय मञ्च, मधुपर्क, शिक्षक, नारी

**साप्ताहिक :** हिमाल, नेपाल,

**दैनिक :** कान्तिपुर, गोरखापत्र

साथै कहिलेकाहिँ अन्य पत्र पत्रिका तथा पुस्तकहरु पनि उपलब्ध हुने गरेको छ ।

**पुस्तकालय सेवा तथा नियमः**

प्रत्येक विद्यार्थीले क्याम्पसमा भर्ना भए पश्चात पुस्तकालय कार्ड र परिचय पत्र बनाउनु पर्छ । यसरी बनाइएको पुस्तकालय कार्डवाट कक्षा ११ र १२ को लागि एक पटकमा एक ओटा पुस्तक, स्नातक र स्नातकोत्तरको लागि एक पटकमा दुई ओटा पुस्तक ३० दिनको लागि उपलब्ध गराईन्छ । ३० दिन पश्चात पुस्तक बुझाउन नल्याएमा प्रति दिन प्रति पुस्तक रु १ का दरले बिलम्ब शुल्क बुझाउनु पर्नेछ । पुस्तकालयवाट लगिएका पुस्तक हराएमा वा च्यातिएमा सोहि पुस्तक नयाँ खरिद गरी वा पुस्तकको मूल्य र मूल्यको ३५ प्रतिशत जरिवाना सहित बुझाउनु पर्नेछ ।

**२०७५ माघ देखी २०७६ मंसिर मसान्त सम्मको मात्रात्मक प्रतिवेदन ( Quantity Base Report) निम्नानुसार रहेको छ ।**

| क.स. | क्रियाकलाप/कार्यक्रम | इकाई | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | Books Transaction : | | | |
| | Issued **(2075/10/02 to 2076/08/30)** | थान | ९८६ | |
| | Returned **(2075/10/02 to 2076/08/30)** | थान | ८७२ | |
| २ | पुस्तक खरिद र दर्ता :<br>नयाँ पुस्तक खरिद | थान | १८४ | |
| | अनुदान उपहार | थान | २७४ | |
| | प्राक्टिकम तथा थेसिस दर्ता | थान | २१ | |
| | अन्य | थान | ५ | |
| | हालसम्म पुस्तकालयमा रहेका पुस्तक संख्या | थान | १३५२३ | |
| ३ | विलम्ब शुल्क/जरिवाना | रु. | २२,३९६/- | पुस्तकालय सम्बन्धी नियमानुसार तोकिएको समयमा पुस्तक नबुझावापत, पुस्तक हराए वापत प्राप्त |

**यस पुस्तकालयलाई यस अवधिमा पुस्तकहरु उपहार/दान गर्नुहुने महानुभावहरुको नामावलीः**

१) चित्ररेखा अधिकारी (सहायक क्याम्पस प्रमुख तथा कृष्ण बहादुर अधिकारी (प्राध्यापक संघ सभापती) बाट १२० थान

२) अग्नी प्रसाद घिमिरे (पूर्व सह प्राध्यापक) बाट १९ थान

३) तारा कुमार बुढाथोकी (सहप्राध्यापक) २ थान

४) हिमादेवी दाहाल (पुर्व विद्यार्थी)

५) अङ्दी भोटे

६) सन्तोष कुमार बराल (पूर्व सहप्राध्यापक)

७) डा. सोमनाथ खतिवडा

८) हेमराज निरौला (BBS 4th)

९) सविना चापागाई (कक्षा १२ व्यवस्थापन)

१०) अरुणा राई (कक्षा १२ व्यवस्थापन)

११) भोलामान गौली (खाँदबारी ८)

१२) उपेन्द्र कोरङ्गी (पूर्व क्याम्पस प्रमुख)

१३) मनकामना रत्न अम्बिका उच्च मा.वि. तुम्लिङ्गटार

**धन्यवाद ।**